# कालिका गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**धैवुङ, रसुवा**

**बागमति प्रदेश, नेपाल**

# साझेदारी कार्यक्रम

# संक्षिप्त सूची प्रकाशन तथा प्रस्ताव आब्हानको सूचना

दोस्रो पटक सूचना प्रकाशन मिति : २०७९/१२/०७

कालिका गाउँपालिकाले महिला सशक्तिकरण, कृषि तथा पशुपंक्षी विकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघ संस्थाको साझेदारीमा काम गर्ने उदेश्यले "साझेदारी कार्यक्रम सञ्चालन कार्यबिधि २०७९" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यबिधिको अधिनमा रही आर्थिक वर्ष २०७९/०८० देखि शुरु हुने गरि बहुवर्षिय/सालबसालीरुपमा **महिला सशक्तिकरण, कृषि तथा पशु पंक्षी विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम** सञ्चालन गर्नका लागि गाउँपालिकामा आशय पत्र पेश गरी संक्षिप्त सूचीमा कायम भएका तपशिलका गैर सरकारी क्षेत्रका संस्थाहरुलाई यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावका लागि आव्हान गरिएको छ । यस कार्यक्रमको विस्तृत विवरण गाउँपालिकाको वेवसाइट www.kalikamunrasuwa.gov.np बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । रित नपुगेका र आवश्यक विवरणहरु तथा कागजात संलग्न नभएको प्रस्ताव उपर कारबाही गर्न कालिका गाउँपालिका जवाफदेही हुने छैन ।

संक्षिप्त सूचीमा छनोट भएका संघ संस्थाको विवरण

| क.सं. | संस्थाको नाम र ठेगाना |
|---|---|
| १ | हेफर प्रोजेक्ट नेपाल, हात्तिवन– १५, काठ्माण्डौं |
| २ | युवा अभियान नेपाल, निलकण्ठ-३, धादिङवेशी, धादिङ |
| ३ | ग्रामीण आपसी विकास, निलकण्ठ-३, धादिङ |

०७९/१२/०६

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

कालिका गाँउपालिका गाँउ कार्यपालिकाको चालु आ. व. २०७९/०८० मा स्वीकृत सरकारी तथा गैरसरकारी संघ संस्थाहरु सँग साझेदारी कार्यक्रम अन्तरगत **महिला सशक्तिकरण, कृषि तथा पशु पंक्षी विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम** साझेदारीमा कार्यान्वयन गर्ने सेवा प्रदायक संस्था छनौटको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR) ।

**कार्यक्रमको लागि कार्य विवरण (Terms of Reference)**

**१. पृष्ठभूमिः**

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, जलवायु परिवर्तन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीयस्तरमा कृषि तथा पशुवस्तुको उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट नगर/गाउँका सानाकिसान, महिला तथा युवाहरुको आर्थिक जिवनस्तरमा सुधार गर्ने उद्देश्यले "कालिका गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९" ले दिएको अधिकार क्षेत्र भित्र रही गैर सरकारी संघ संस्था र कालिका गाउँपालिकाबीच बहुबर्षिय रुपमा **महिला सशक्तिकरण, कृषि तथा पशु पंक्षी विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम** सञ्चालन गर्नका लागि यो कार्यविवरण तयार गरिएको छ ।

**२. मुख्य उद्देश्यः**

यस परियोजनाको मुख्य उद्देश्य गाउँपालिकाले महिला शसक्तीकरण, कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दिर्घकालिन उद्देश्यमा योगदान गर्नुरहेको छ । यस परियोजनाले प्रत्यक्ष रुपमा परियोजनामा आवद्ध परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउने, सानाकिसानहरुको वित्तिय पहुँच अभिवृद्धि गर्ने, उनीहरुले उत्पादन गरेका कृषि तथा पशुउपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्ने लगायत गतिविधिहरुमार्फत आवद्ध घरधुरीहरुको आयस्तरमा सुधार पुऱ्याउने रहेकोछ ।

परियोजनाले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

- गरिव तथा विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई वित्तिय सेवाहरुमा पहुँच तथा बजारसंगको सम्बन्ध विकास गरी व्यवसायिक तथा दिगो नाफामुलक उद्यमको रुपमा सुदृढिकरण गर्नु,
- निजी तथा वित्तिय संस्थाहरुको कृषि क्षेत्रमा हाल गर्दै आएको लगानीमा रुपान्तरणकारी बृद्धि गर्नु,
- सानाकिसान तथा आपुर्ति श्रृंखलामा आवद्ध आपुर्तिकर्ता, व्यापारी तथा निजी क्षेत्रको पहुँच अभिवृद्धि गर्नु,
- लक्षित आपुर्ति श्रृंखलालाई सुदृढ बनाउन सकारात्मक वातावरणको सृजना गर्नु ।

प्रस्तावित बहुवर्षिय योजना मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन् । उक्त क्रियाकलापहरु के कति परिमाणमा सञ्चालन गरिने हो, उक्त क्रियाकलापवाट प्रत्यक्ष तथा अप्रत्यक्ष कति परिवारहरु तथा मुल्य श्रृँखालाका पात्रहरु लाभान्वित हुने हुन् स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

- कृषि तथा पशुवस्तुको उत्पादनमा आवद्ध सानाकिसानहरु तथा तिनीहरुका संगठनको सामाजिक पुँजी अभिवृद्धि गर्नु,
- बजार मागमा आधारित कृषि तथा पशुउपजहरुको आपूर्ति वृद्धि गर्नु,
- साना किसानहरु संलग्न कृषि तथा पशुवस्तुसंग सम्बन्धित उद्यमलाई नाफामूलक वनाउन मद्धत गर्नु,
- ग्रामीण क्षेत्रमा वित्तिय सेवाको पहँचमा बृद्धि गर्नु,
- साना किसानहरुको कृषि तथा पशुधन सुरक्षणका लागि वीमामा पहुँच बढाउनु,
- साना किसान तथा आपूर्ति श्रृँखलामा आवद्ध व्यक्ति तथा निकायहरुको व्यवसाय सेवामा पहुँच अभिवृद्धि गर्नु,
- सानाकिसान संस्थाहरुको व्यवसाय तथा बजारीकरण सीप अभिवृद्धि गर्नु,
- कृषि तथा पशुवस्तुहरुको संकलन, प्रशोधन, भण्डारण तथा बजार विकास सम्बन्धी पूर्वाधारहरुको निर्माण तथा पुनःस्थापना गर्नु,

प्रमुख प्रशासकीय अधिकृत

हरिकृष्ण देवकोटा
अध्यक्ष

- सानाकिसानहरुले उत्पादन गरेका कृषि तथा पशुवस्तुहरुको मुल्य अभिवृद्धिका लागि प्राविधिक सहयोग तथा सहजिकरण गर्नु,
- लक्षित कृषि तथा पशुवस्तुहरुको उत्पादन, संकलन, प्रशोधन तथा बजार विकास सम्बन्धी कार्यमा सरोकारवालाहरुको संलग्नता अभिवृद्धि गर्नु,
- कृषि तथा पशुपालनमा स्थानीय सरकारको योजना, कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धि गर्नु ।

**३. परियोजना कार्यान्वयन प्रवन्ध**

प्रस्तावक संस्थाले परियोजना कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ । परियोजनाले प्रस्तावित घरपरिवारहरुलाई समेट्ने, उनीहरुलाई परियोजनावाट लाभान्वित गराउने, आदि विषय लगायत कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथै परियोजना व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरु तथा ति निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ ।

**४. आवश्यक जनशक्ति**

यस परियोजना कार्यान्वयन आवश्यक मानव स्रोत तथा कर्मचारी संख्या (पूर्णकालिन र अल्पकालिन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रिया वारे स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

**५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार**

यस परियोजना गाउँपालिकाका ५ वटा वडाहरुमा सञ्चालन गरिने छ । गाउँपालिकाका कुल घरधुरी २५२९ मध्ये यस परियोजनाले प्रत्यक्ष समेट्ने घरधुरीहरु जम्मा ७० प्रतिशत हुनेछन् । भने अपत्यक्ष रुपमा बाँकी ३० प्रतिशत घरधुरीहरु संलग्न हुनेछन् ।

यस परियोजनाले को कार्यक्षेत्र तथा लाभान्वित परिवारहरुको विवरण निम्नानुसार संलग्न गर्नु पर्नेछ ।

| वडा नं | स्थान | जम्मा घरधुरी | परियोजना मार्फत प्रत्यक्ष लाभान्वित घरधुरी संख्या | परियोजना मार्फत अप्रत्यक्ष लाभान्वित घरधुरी संख्या | जम्मा लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| | जम्मा | | | | |

**६. परियोजना अवधिः**

यस परियोजनाको समयावधि ४ वर्ष ३ महिनाको हुनेछ । परियोजना शुरु हुने मितिः २०८० बैशाख १ गते रहनेछ ।

**७. परियोजनाको कुल लागतः**

प्रस्तावित वहुवर्षिय परियोजनाका लागि यस गाउँपालिकाले पहिलोवर्ष रु २५,००,०००।- विनियोजन गर्नेछ भने परियोजनाको कुल लागत अधिकतम रु. २ करोड ५० लाख हुनेछ । यस बाहेक प्रस्तावक संस्थाले लागत साझेदारी मार्फत प्रस्ताव गर्ने रकम समेत खुलाउनुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

हरिकृष्ण देवकोटा
अध्यक्ष

## ८. अपेक्षित परिणाम

यस परियोजनाले लक्षित सानाकिसानहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ ।

- महिला शसक्तीकरण सहितको सामाजिक पूँजीको अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको उत्पादन, उत्पादकत्व अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको मुल्य श्रृँखला सम्बन्धी उद्यमशिलता विकास,
- कृषि तथा पशु उद्यमीहरुको वित्तिय सेवामा पहुँच अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकास,
- कृषि तथा पशुवस्तुको आन्तरिक/बाह्य बजारमा बिक्री वितरणमा वृद्धि

प्रमुख प्रशासकीय अधिकृत

हरिकृष्ण देवकोटा
अध्यक्ष